त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र संकाय

## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

शिक्षा शास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखा बल्खु

मितिः २०८१।११।०८

### स्नातक तह (BICTE/B.Ed. ICTE & SNE) प्रथम सेमेस्टरको परीक्षा आवेदन फारम भर्ने/भराउने सम्बन्धी सूचना

यस संकायअन्तर्गत सेमेष्टर प्रणालीमा आधारित **स्नातक तह (BICTE/B.Ed. ICTE & SNE) प्रथम सेमेस्टरको** यही २०८१ साल चैत्र महिनामा संचालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुको परीक्षा आवेदन फारम अनलाइन (Online) मार्फत यही २०८१ साल फागुन २३ गतेसम्म भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । तोकिएको म्यादभित्र परीक्षा आवेदन फाराम भर्न छूट हुने विद्यार्थीहरुले यही २०८१ साल फागुन २४ गतेदेखि २८ गतेसम्म दोब्बर शुल्क तिरी परीक्षा आवेदन फाराम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पसले आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा आवेदन फारम वापत संकलित रकम एकल दस्तुरको हकमा यही २०८१ साल फागुन २५ गते तथा दोब्बर दस्तुरको हकमा यही २०८१ साल चैत्र १ गते सम्ममा बैंक दाखिला गरी यही २०८१ साल चैत्र १ गतेसम्म अनलाईन परीक्षा आवेदन फाराम रुजु गरी प्रमाणित (Verify) गर्नुपर्नेछ ।

**पुनश्चः**

- यस संकायको वेभसाइटः tufoe.edu.np मा गई नियमित तथा आंशिक विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फारम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पस/कलेज/विभागले आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुलाई भौतिक रुपमा समेत परीक्षा फाराम भराउनु पर्नेछ । भौतिक फाराम यस संकायको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. २५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- सम्बन्धित क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फारममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको भौतिक फारममा तोकिएको ठाउँमा प्रविष्ट गरी यही २०८१ साल चैत्र ५ गतेसम्म डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ । साथै परीक्षा आवेदन शुल्क डीन कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर पनि भौतिक परीक्षा फाराम साथै ल्याउनुपर्नेछ र डीन कार्यालयको लेखा शाखामा बुझाउनु पर्नेछ ।
- अनलाइन परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड् गर्नुपर्नेछ । यदि आवेदक विद्यार्थीले अप्लोड गरेको फोटो अस्पष्ट भएमा आवेदन फारम अस्वीकृत हुनेछ ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।

सहायक डीन